# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

प. सं. ०७६/७७ प्र.ज. वि. शा.
च. नं. २८०५

मिति २०७६/०९/१०

**विषयः निर्णयको प्रतिलिपि पठाइएको ।**

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०९/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना– २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

९।१०
(कुलबहादुर जी. सी.)
उपसचिव
उप-सचिव

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

फोन नं. ०५६-५२०१६७, ५२१४६७, ५३००६२, ५२६९५१, ५२२२५२, ५२५७७१, फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

Scanned by CamScanner

भरतपुर महानगरपालिकाको मिति २०७६/०९/०७ गते सम्पन्न ३६औं बैठकका निर्णयहरु

१. आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७६ लाई पारित गरियो।

२. ११ नं वडामा अवस्थित साविक नयाँकिरण मा. वि. को नाम परिवर्तन गरी श्री नयाँकिरण कमलकुसुम माध्यमिक विद्यालय कायम गर्ने निर्णय गरियो।

३. भरतपुर महानगरपालिकाको शिक्षा नीति, २०७६ लाई सुझाव सहित पारित गरियो।

४. सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६ सम्बन्धमा प्राप्त सझाव समेतका आधारमा विज्ञसहित थप छलफल गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

५. सहकारी ऐन, २०७५ को प्रथम संशोधन, २०७६ सम्वन्धमा प्राप्त सुझाव समेतका आधारमा विज्ञसहित थप छलफल गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्वन्धमा व्यवस्थित गर्न वनेको विधेयक, २०७६ लाई थप अध्ययन सहित अर्को बैठकबाट पारित गर्ने निर्णय गरियो।

७. प्रसुति हुने महिलाका लागि निःशुल्क एम्वुलेन्स (यातायात) खर्च प्रदान गर्ने कार्यविधि, २०७६ लाई सुझाव सहित पारित गरियो।

८. प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७६ लाई पारित गरियो।

९. मेलमिलापकर्ताहरुको नामावली सूचीकरण गर्ने सम्बन्धमा कानुनमा भएको व्यवस्था वमोजिम योग्यता पुगेका व्यक्तिहरुलाई सूचीकरण गर्ने निर्णय गरियो ।

१०. भरतपुर महानगरपालिका क्षेत्रभित्र यस वर्ष गरिमा जातको धानमा वाला नलागी क्षति भएको कुरा सम्बन्धित वडा कार्यालयमार्फत प्रमाणित भई आएका कृषकहरुलाई महानगरपालिकावाट राहतस्वरुप मकै र धानको बीउ वितरण गर्ने निर्णय गरियो ।सो राहतको लागि चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कृषि कार्यक्रममा ५०% अनुदानमा उन्नत बीउ वितरण गर्ने कार्यक्रम रहेको र सो सम्वन्धमा महानगरको आर्थिक विकास समितिवाट मिति २०७६/०९/०४ मा पीडित कृषकहरुलाई प्रति कट्ठा मकैको बीउ १ किलोग्राम र धानको वीउ १.५ किलोग्रामका दरले निशुल्क वितरण गर्ने गरी कार्यक्रम संशोधन गर्ने भनी सिफारिस गरिएकोमा सोही अनुसार सम्बोधन गर्ने निर्णय गरियो ।

११. आफ्नो घर नभएका र ससानो झुपडीमा बसेका असक्त र लोपोन्मुख व्यक्तिको घर महानगरपालिकाको सहयोगमा निर्माण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

१२. स्मार्ट ट्वाइलेट र ओपन जीम निर्माण गर्ने सम्बन्धमा महानगरपालिकाको उपयुक्त स्थानमा ३/३ वटा सार्वजनिक शौचालय र ओपन जीम निर्माण गर्ने निर्णय गरियो ।

१३. सामाजिक सुरक्षामा गत वर्ष विनियोजन गरेको रकम फ्रिज गर्नुपर्नेमा नगरी वेरुजु हुन आएकोले उक्त रकम (रु. ६५ लाख) फिर्ता गर्ने निर्णय गरियो ।

१४. विविधः

(क) भरतपुर महानगरपालिकाको पाँचौं नगर सभा यही पौष १३ गतेदेखि शुरु गर्ने भनी यस पूर्वको कार्यपालिका बैठकको निर्णय कायमै राख्ने निर्णय गरियो ।

(ख) नगर प्रहरीको सुविधा थप गर्ने सम्बन्धमा साविकमा पाउँदै आएको सुविधामा चालु आ.व.मा वृद्धि भएको तलव र अन्य सामान औचित्यको आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

(ग) प्रदेश सरकारबाट माग भए बमोजिम पर्यटन ग्राम तोक्ने सम्बन्धमा यस महानगरपालिकाको वडा नं ६, ८ र १३ लाई पहिलो र वडा नं १ र २९ लाई दोश्रो प्राथमिकतामा राखी लेखी पठाउने निर्णय गरियो ।

(घ) वडा नं २ मा अवस्थित लक्ष्मीनारायण मन्दिरको तला थपको लागि नक्सा पास दस्तुर छुटको लागि माग भई आएकोमा माग अनुसार नक्सा पास दस्तुर छुट दिने निर्णय गरियो ।

Scanned by CamScanner